प्रदेश सरकार

लुम्बिनी प्रदेश

# स्वास्थ्य जनसङ्ख्या तथा परिवार कल्याण मन्त्रालय

(अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा)

बुटवल, नेपाल

पत्र संख्याः २०७८/०७९ मितिः २०७८/०६/२५

**<u>प्रेष बिज्ञप्ति</u>**

प्रस्तुत बिषय सम्बन्धमा गत मिति २०७८।०६।१८ बेलुका देखि कपिलवस्तु जिल्लाको कृष्णनगर न.पा मा देखिएको झाडापखालाका बिरामीहरुको उपचार, रोकथाम तथा नियन्त्रणमा यस मन्त्रालयको प्रत्यक्ष समन्वयमा शिवराज अस्पताल, स्थानिय स्वास्थ्य संस्था, जिल्लास्थित स्वास्थ्य कार्यालय, नेपाली सेना,नेपाल प्रहरी, सस्त्र प्रहरी, संघीय खानेपानी कार्यालय र सम्बन्धित सरोकारवाला निकायहरु, संघीय मन्त्रालय अन्तर्गतको ईपिडिमियोलोजो तथा रोग नियन्त्रण महाशाखाको सहयोगबाट काम भैराखेको छ।

बिभिन्न दातृनिकायका स्वास्थ्यकर्मी, स्थानीय स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुबाट प्रभावित क्षेत्रमा घरदैलो अभियान गरि सरसफाई, साबुन पानीले हात धुने, स्वच्छ पिउने पानी र सुरक्षित खानाका लागि जनचेतना साथै पिउने पानी निर्मलिकरणको लागि क्लोरिन ट्याब्लेट र पियुष झोल र सर-सफाईका लागि साबुनको बितरण गरिएको छ।

उक्त प्रकोप प्रतिकार्यका लागि आवश्यक निदान सामाग्री, स्वास्थ्य सुरक्षण सामाग्री र औषधीको बन्दोबस्त स्थानीय, प्रदेश संघीय सरकार र विश्व स्वास्थ्य संगठन लगायतका साझेदार संघ संस्थाहरुसँग महत्वपुर्ण सहकार्य र समन्व्यमा ब्यबस्थापन भैराखेकोले हाल प्रकोप नियन्त्रणमा रहेको छ। उक्त प्रकोपको रोकथाम,नियन्त्रण र ब्यबस्थापनका लागि बिश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरुप संभावित कारण तथा स्रोतको खोजी कार्य भैराखेको छ। ट्युबेल तथा धाराको पानीको नमुनामा E-COLI देखिएकोले थप परीक्षणका लागि संघीय खानेपानी कार्यालय बुटवल र बिरामीहरुको दिसा परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा पठाईसकेको छ।

आज बिहान ८ बजेको अधावधिक विवरण अनुसार ७०५ जनामा लक्षण देखिएको जसमध्ये ६४५ जनाको शिवराज अस्पताल र स्थानिय स्वास्थ्य संस्थामा उपचार भई स्वास्थ्यलाभ हसिल गरि घर फर्किएका छन। २० जनाको शिवराज अस्पताल मा उपचार भैराखेको, ४० जनाको थप उपचारका लागि कपिलवस्तु अस्पताल, तौलिहवा र लुम्बिनि प्रादेशिक अस्पताल बुटवलमा रिफर गरिएको छ साथै सम्पुर्ण उपचारको ब्यबस्था निःशुल्क रुपमा मिलाईएको छ।

साथै, आसन्न बडा चाडबाडमा कोभिड-१९ र अन्य प्रकोपको जोखिम हुनसक्ने र प्रकोपग्रस्त क्षेत्रमा झाडापखालाको जोखिम कायमै रहेको हुनाले व्यक्तिगत सरसफाईमा विशेष ध्यान दिनुहुन खाना बनाउनु वा खानु अगाडी साबुन पानीले मिचिमिचि हात धोएर मात्र खानुहुन, राम्ररी पाकेको खाना खानुहुन तथा बासी वा सडेगलेको खानेकुराहरु नखानुहुन, पानी उमालेर वा क्लोरिन प्रयोग गरेर मात्रपिउनुहुन र खुला दिसा पिसाव नगर्नुहुन साथै दिसा पिसाव गरिसकेपछि साबुन पानीले मिचि मिचि हात धुनुहुन पुःन अनुरोध छ।

यस प्रकोप नियन्त्रण, रोकथाम, उपचार तथा ब्यबस्थापनमा अहोरात्र खटिनुहुने म.सा.स्वा.स्वयंसेविका, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, समावसेवीहरुमा सबैलाई हार्दिक ज्ञापन गर्दछौ।

धन्यवाद।

(डा. पुष्पराज पौडेल)
प्रवक्ता